हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

आज मिती २०७८ साल जेष्ठ महिनाको २१ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क्र स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (प्रमुख प्रशासकिय अधिकृत) | राज कुमार दास | |

मिती २०७८।०२।२१

छलफलका लागी पेश भएका प्रस्तावहरु

१. सोलार बत्ती जडान गर्ने सम्बन्धमा ।

२. प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा सेवाग्राही अराम कुर्शि व्यवस्थापन सम्वन्धमा ।

३. कोभिड अस्पताल विद्युतिकरण तथा अन्य कार्य व्यवस्थापन गर्ने सम्वन्धमा ।

४. कोभिड सम्वन्धी रेडियो कार्यक्रम संचालन सम्वन्धमा ।

५. वडा नं. ४ हरैया दलित वस्तीको विभिन्न ठाउँमा सडक मर्मत सम्भार सम्वन्धमा ।

६. ओमशान्ती भवनको छत निर्माण गर्न सम्वन्धमा ।

७. जानकीनगर बर्थिंग सेन्टर व्यवस्थापन गर्ने सम्वन्धमा ।

८. कार्यपालिका सदस्य स्वर्गीय जनक महरालाई किरिया खर्च सम्वन्धमा ।

९. आर्थिक सहयोग सम्वनधमा ।

१०. पदम भुवनेश्वरी नमुना वृद्ध सेवा आश्रम सहयोग गर्ने सम्वन्धमा ।

निर्णय नं. १

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको सोलार बत्ती जडान गर्ने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस यस नगरपालिकाको आ.व. २०७७।०७८ छैठौ नगरसभाको स्वीकृत सशर्त अनुदान सि.नं. ११ वाँयोग्यास जडान कार्य रु. २,००,०००।०० सुधारिएको चुल्हो वाँयोग्यास प्रविधि रु. २,००,०००।०० र सौर्यउर्जा प्रविधि जडानमा रु. २,००,०००।०० गरी जम्मा रकम रु. ६,००,०००।०० छ लाखबाट सोलार बत्ति जडान गर्न प्राथमिक स्वास्थ्य केन्द्र हरिपुर-२ लाई रकम रु. ३,५०,०००।०० र नगरपालिकाको कार्यालय परिसरमा सौर्य बत्ती जडान गर्न रकम रु. २,५०,०००।०० गरी रु. ६,००,०००।०० खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. २

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा सेवाग्राही अराम कुर्ची व्यवस्थापन सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस यस नगरपालिका वडा नं. २ मा संचालित प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा विरामीहरु लिई आउने सेवाग्राही वा विरामीहरुलाई बस्नको लागि कुर्चीहरु नभएकोले सेवाग्राहीहरुलाई वस्न अराम कुर्ची बनाउन छैठौ नगरसभाको पेज नं. १० को सि.नं. ५६ मा स्वास्थ्य संस्थाहरुलाई सहायता तथा विभिन्न सरुवा रोग माहामारी नियन्त्रण कार्यक्रमको खर्च शिर्षक नं. २५३१२ मा रकम रु. ५०,००,०००।०० विनियोजन भएको रकम मध्ये रु. १,००,०००।०० स्वास्थ्य शाखा मार्फत खर्च गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७८।०२।२१

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कोभिड अस्पताल विद्युतिकरण तथा अन्य कार्य ब्यवस्थापन गर्ने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस यस नगरपालिका वडा नं. २ प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा अस्थायी कोभिड अस्पताल संचालन गर्नको लागि वाइरिंग तथा अन्य ब्यवस्थापनको लागि खर्च भएको रकम रु. ८०,०००।०० स्थानीय प्रकोप ब्यवस्थापन कोषको कार्यक्रम कोभिड १९ कोरोना भाइरस रोकथाम तथा नियन्त्रण कार्यक्रम खर्च शिर्षक नं. २७२१२ बाट कोभिड फोकल प्रसन श्री रामनरेश ठाकुरलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कोभिड सम्वन्धी रेडियो कार्यक्रम संचालन सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा कोभिड सम्वन्धी जनचेतना मुलक रेडियो कार्यक्रम संचालन गर्न सर्लाही संचार केन्द्र मलंगवासँग सम्झौता भई कार्यक्रम संचालन गर्ने स्थानीय प्रकोप ब्यवस्थापन कोषको कार्यक्रम कोभिड १९ कोरोना भाइरस रोकथाम तथा नियन्त्रण कार्यक्रम खर्च शिर्षक नं. २७२१२ बाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको वडा नं. ४ हरैया दलित वस्तीको विभिन्न ठाउँमा सडक मर्मत सम्भार सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ४ हरैया दलित बस्तीको विभिन्न ठाउँमा वर्षाको कारणले सडक जिर्ण अवस्थामा रहेको हुँदा आवत जावतमा कठिनाई भएकोले सडकको मर्मत सम्भार गर्न छैठौं नगरसभाको पेज नं. १४ सि.नं. १०२ मा सार्वजनिक सम्पतीको मर्मत सम्भारको लागि ईन्धन खर्च, बाटो, कुलो नाला मर्मतको लागि खर्च शिर्षक नं. ३११७१ मा रकम रु. ८,००,०००।०० विनियोजित रकम मध्येबाट रु. १,००,०००।०० मर्मत सम्भरमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको ओमशान्ती भवनको छत निर्माण गर्न सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. २ को ओमशान्ती भवनको छत निर्माण गर्नको लागि छैठौं नगरसभाको पेज नं. १० सि.नं. ५८ मा धर्म संस्कृति संस्था सहायताको लागि खर्च शिर्षक नं. ३५३१४ मा रकम रु. ३,००,०००।०० विनियोजित रकमबाट छत निर्माण गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिती २०७८।०२।२१

**निर्णय नं. ७**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको जानकीनगर बर्थिंग सेन्टर व्यवस्थापन गर्न सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. १ हजारविघामा भएको जानकीनगर बर्थिंग सेन्टरलाई मोटर, प्लम्वींग, पानी व्यवस्थापन तथा अन्य खर्चको लागि छैठौ नगरसभाको पेज नं. १० को सि.नं. ५६ मा स्वास्थ्य संस्थाहरुलाई सहायता तथा विभिन्न सरुवा रोग माहामारी नियन्त्रण कार्यक्रमको खर्च शिर्षक नं. २५३१२ मा रकम रु. ५०,००,०००।०० विनियोजन भएको रकम मध्येबाट रकम रु. १,००,०००।०० व्यवस्थापन समिति मार्फत खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कार्यपालिका सदस्य स्वर्गीय जनक महरालाई किरिया खर्च सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरकार्यपालिका सदस्य स्वर्गीय श्री जनक महरा मिति २०७७।०२।०६ गते आकस्मीक निधन भएकोले किरिया खर्च वापत घर परिवारलाई रकम रु. २५,०००।०० किया खर्च सामाजिक संस्था सहायताबाट दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको आर्थिक सहयोग सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ जगतपुर बस्ने शिवदत चौधरीको श्रीमती हैया वती अपांग भएको कारण दिशा पिसाव गर्न असजिलो भएको हुँदा आर्थिक सहयोग वापत रकम रु. १०,०००।०० श्रीमानलाई दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको पदम भुवनेश्वरी नमुना वृद्ध सेवा आश्रम सहयोग गर्ने सम्बन्धि प्रस्तावमा छलफल गर्दा लालबन्दी नगरपालिका जुटपानीको पदम भुवनेश्वर नमुना वृद्ध सेवा आश्रमलाई असाहय वृद्धाहरुलाई लालन पालन तथा औषधी उपचार र पालनपोषण गर्न यस नगरपालिकाको जेष्ठ नागरिक कार्यक्रम शिर्षक नं. २२५२९ मा रु. ४,००,०००।०० मध्ये रकमबाट रकम रु. १,००,०००।०० संस्थालाई कार्यक्रममा दिने निर्णय गरियो ।